# स्वर्णिम सन्ध्याका सारथि

**नारायणगोपालका** हरेक गीत उत्तिकै कर्णप्रिय र कालजयी छन्। यस अर्थमा उनको गायनयात्रा समग्रमा अत्यधिक सफल मानिन्छ। तापनि उनको एकल गायन कार्यक्रम 'स्वर्णिम सन्ध्या' लाई उनको गायनयात्राको क्लाइमेक्स मान्ने गरिन्छ। नेपाल अर्बुद रोग निवारण संस्थाको सहयोगार्थ गीतकार वसन्त चौधरीको सक्रियतामा २०४५ साल जेठ ८ गते नेपाल प्रज्ञाप्रतिष्ठानको प्रेक्षालयमा भएको यो कार्यक्रमलाई नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गरी इतिहास बनाएको थियो। त्यसअघि तत्कालीन राजा वीरेन्द्र हरारे सवारी हुँदाका केही दृश्य नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो।



वसन्त चौधरी

कार्यक्रममा नारायणगोपालले 'तिम्रो जस्तो मुटु', 'मेरो आँखालाई राख्ने', 'पर्खी बसेँ आउला भनी', 'तिमीले भनेका', 'आजभोलि हरेक रात', 'तिमी जुन रहरले', 'प्रेयसीका यादहरू', 'बिर्सेर फेरि', 'एउटा मान्छेको', 'लौ सुन म भन्छु', 'केही मीठो बात गर', 'मेरो बेहोशी आज', 'मैले पुण्य मन पराएँ', 'जीवनदेखि धेरै धेरै नै थाकेर', 'केही चोटले ज्ञानी हुन्छ', 'ए मलाई माया गर्छु भन्नेहरू', 'शिखर भनेर कहाँ', 'प्रेमको माला' र 'जीवनको हरेक मोडमा' बोलका गरी १९ वटा गीत गाएका थिए। जसमा अम्बर गुरुङ, नीर शाह, विश्वम्भर प्याकुरेल, भीम विराग, दिनेश अधिकारी, दिव्य खालिङ, नागेन्द्र थापा, चाँदनी शाह, गोपाल योञ्जन, कालीप्रसाद रिजाल, ईश्वरवल्लभ, राममान तृषित र राजेन्द्र रिजालको शब्दमा गोपाल योञ्जन, अम्बर गुरुङ, शम्भुजित बास्कोटा, भीम विराग, दिव्य खालिङ, दीपक जंगम, सीके रसाइली र नारायणगोपालका आफ्नो पनि संगीत रहेको थियो। उनलाई वाद्यवादनमा राजु अग्रवाल, होमनाथ उपाध्यय, भूपेन्द्र रायमाझी, मदनसिंह नेपाली, सुवर्ण लिम्बू र निर्वाण योञ्जनलगायतले साथ दिएका थिए।

स्वर्णिम सन्ध्यामात्रै होइन, जीवनको उत्तरार्द्धतिर गीतकार वसन्त चौधरीले नारायणगोपाललाई हरेक क्षेत्रमा सहयोग गरेका थिए। हास्यकलाकार हरिवंश आचार्यका अनुसार नारायणगोपालले गीतकार वसन्त चौधरीलाई अत्यन्तै विश्वास गर्नुका साथै छोरालाई जस्तै माया गर्थे। उनको संगीत विद्यालय खोल्ने ठूलो सपना थियो। जीवनमृत्युको दोसाँधमा पुगेका बेला नारायणगोपालले श्रीमती पेमला गुरुवाचार्यलाई संगीतसम्बन्धी एउटा संस्था खोलेर त्यसको अध्यक्ष वसन्त चौधरीलाई बनाउनू भनेका थिए। सो कुरा स्वरसम्राट्को स्मृतिमा प्रकाशित स्मारिकामा पेमला आफैंले लेखेकी छन्। तर, वसन्त चौधरीले नारायणगोपाललाई गीत गाउन लगाएर आफू गीतकार बन्ने लालसा कहिल्यै देखाएनन्।